फोन.नं. ०६५-५६०१९५/५६२२४१
E-mail: info.dctanahun@supremecourt.gov.np

# श्री तनहूँ जिल्ला अदालत
## दमौली, तनहूँ ।

पत्र संख्या:- ०७७।०७८
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति:-

मिति:- २०७७।०६।०४

# सूचना ! सूचना !! सूचना !!!

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस ( कोभिड-१९) को संक्रमणबाट हुन सक्ने जोखिम र स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतको पूर्ण वैठकको मिति २०७६/१२/०७ लगायत विभिन्न मितिमा भएका निर्णय एवं परिपत्र बमोजिम यस अदालतबाट संकुचन र विस्तारसहितको सेवा प्रवाह हुदै आएको कुरा अवगत नै छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम मिति २०७७/०६/०१ देखि अन्तर जिल्ला सार्वजनिक यातायातका साधन पूर्ण रुपमा संचालन भएकोले बन्दाबन्दीको अवधिमा गुज्रेको हदम्याद, म्याद, तारेख सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको वृहत पूर्ण इजलासको मिति २०७७/२/१५ को आदेश बमोजिमको सुविधामा प्रतिकुल नहुने गरी यस अदालतमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने अवस्थाका अन्तर जिल्लाका सेवाग्राही (तनहूँ जिल्ला भन्दा फरक जिल्लामा रहेका सेवाग्राही) मिति २०७७/०६/०२ देखि बाटाको म्याद बाहेक ३०(तीस) दिनभित्र यस अदालतमा उपस्थित हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च: यस जिल्ला भित्रका सेवाग्राहीको हकमा पूर्व प्रकाशित सूचना बमोजिम नै हुनेछ ।

२०७७।६।४

.............................
जीवनकुमार पौडेल
नि.स्रेस्तेदार

श्रेस्तेदार
शाखा अधिकृत